# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
## सामाजिक विकास विभाग

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम आर्थिक वर्ष २०७९/८० का लागि उद्यम विकास सहजकर्ता (सहायक स्तर पाँचौं) को सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित रीतपूर्वकको निवेदन पेस गर्नुहुन अनुरोध गरिन्छ ।

| क्रम सङ्ख्या | विज्ञापन नं. | पद | विज्ञापनको किसिम | सङ्ख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/८० | उद्यम विकास सहजकर्ता | खुला (सेवा करार) | १ (एक |

१) **आवेदन दिने मिति र स्थान** : सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र काठमाडौं महानगरपालिका, सामाजिक विकास विभाग जि.स.स. भवन बबरमहल ।

२) **सम्पर्क मिति** : सूचना प्रकाशित भएको मितिले १६औं दिनमा तर सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट सामाजिक विकास विभाग ।

३) **काम गर्नुपर्ने स्थान र कार्य विवरण** : काठमाडौं महानगरपालिकाभित्र, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ ले तोकेका कार्यहरू

४) **सेवा सुविधा** : काठमाडौं महानगरपालिकासँग गरिने करार सम्झौता सर्तमा उल्लेख भए बमोजिम हुने ।

५) **उमेर** : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको)

६) **करार अवधि** : २०८० असार मसान्तसम्म

७) **दरखास्त साथ पेस गर्नुपर्ने अन्य कागजातहरू** : उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति, प्रचलित कानून बमोजिम पेस गर्नुपर्ने अन्य कगजातहरू,

८) **दरखास्त र दस्तुर बुझाउनुपर्ने स्थान** : रु.५००/- एन.आई.सी. एसिया बैंक बबरमहलमा काठमाडौं महानगरपालिकाको राजस्व खाता नं. ००१२०५००६१४७५०४० मा जम्मा गरी काठमाडौं महानगरपालिका राजस्व विभाग बबरमहलमा पेस गरी राजस्व विभागबाट प्रदान गरिने सक्कल भौचर निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

९) **आवश्यक योग्यता र अनुभव** : क) प्राविधिक शिक्षा र व्यावसायिक तालीम परिषद् (सीटीईभीटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्स उत्तीर्ण गरेको, वा ख) प्राविधिक शिक्षा र व्यावसायिक तालीम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा ग) प्राविधिक शिक्षा र व्यावसायिक तालीम परिषद्बाट उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टीएसएलसी) उत्तीर्ण गरेको

१०) **छनोटको आधार** : प्रारम्भिक सूची प्रकाशन गरी मौखिक अन्तर्वार्ता ।

११) **सर्त र मापदण्ड** : नेपाली नागरिक भएको र प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ ।

**सामाजिक विकास विभाग**
**काठमाडौं महानगरपालिका**